# आकाशवाणी समाचार- नेपाली

मितिः २२ दिसम्बर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले कुवेतमा प्रवासी भारतीयहरुलाई सम्बोधन गर्नु भयो I

२. प्रधानमन्त्री नरेन्द्र मोदी हिज कुवेतको जाबेर अल-अहमद अन्तर्राष्ट्रिय स्टेडियममा 26 औं अरेबियन गल्फ कपको उद्धाटन समारोहमा प्रमुख अतिथिका रुपमा सहभागी हुनु भयो I

३. भारतले जर्मनीको म्याग्डेबर्गमा भएको हमलाको निन्दा गरेको छ, जसमा पाँच जनाको मृत्यु भएको र २०० भन्दा बढी घाइते भएका छन्।

४. राष्ट्रिय राजधानी क्षेत्र दिल्लीमा वायु गुन्वत्ता अझ पनि खराब श्रेणीमा रहेको छ I

५. भारत अनि वेस्ट इन्डिज महिला क्रिकेट टोलीबीचको तीन म्याचको आईसीसी च्याम्पियनसिप सिरिज आजबाट सुरु हुँदैछ।

**<u>प्रधानमंत्री-कुवैत</u>**

कुवेतको बायन प्यालेसमा परम्परागत स्वागतपछि प्रधानमन्त्री नरेन्द्र मोदीले आज कुवेतका युवराज र युवा राजकुमारलाई भेट्नु हुनेछ । उहाले कुवेतका प्रधानमन्त्रीसँग पनि प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नु हुनेछ। श्री मोदी दुई दिने भ्रमणमा हिजो कुवेत पुग्नु भएको हो। विगत ४३ वर्षमा भारतीय प्रधानमन्त्रीको यो पहिलो कुवेत भ्रमण हो। कुवेतका अमिरको निमन्त्रणामा प्रधानमन्त्री नरेन्द्र मोदी कुवत भ्रमणमा जानु भएको हो । हिजो, श्री मोदीले कुवेत शहरमा एक विशेष कार्यक्रममा भारतीय भेलालाई सम्बोधन सस्म्बोधन गर्नु भयो। उहाले कुवेतको विकास र भारत-कुवेत सम्बन्धलाई सुदृढ बनाउन भारतीयहरूले ठूलो भूमिका खेलेको बताउनु भयो। प्रधानमन्त्रीले प्रवासी भारतीय दिवस र अर्को महिना आयोजना हुने महाकुम्भ मेलामा सहभागी हुन भारतीय समुदायलाई निमन्त्रणा दिनु भयो । उहाले भारत विश्वको मित्र राष्ट्र भएको र प्रविधि र पूर्वाधारको क्षेत्रमा देशले तीव्र गतिमा प्रगति गरिरहेको बताउनु भयो । श्री मोदीले भन्नु भयो, भारतसँग विश्वको सीप राजधानी बन्ने क्षमता छ र भारतले आफ्नो सीप विकास कार्यक्रमहरू विश्वव्यापी आवश्यकताहरू अनुरूप चलिरहेको छ। प्रधानमन्त्रीले कुवेतको मिना अब्दुल्लाह क्षेत्रमा रहेको श्रम शिविरको भ्रमण गरी भारतीय कामदारसँग छलफल गर्नुभएको थियो। यो शिविरमा भारतका विभिन्न राज्यका करिब डेढ हजार कामदार रहेका छन्। प्रधानमन्त्रीले भारतीय श्रमिकसँग विगत १० वर्षमा भारत सरकारले सुरु गरेका कल्याणकारी योजनाहरूबारे छलफल गर्नु भयो । प्रधानमन्त्री कार्यालयले एक विज्ञप्तिमा श्री मोदीको श्रम शिविर भ्रमणले विदेशमा काम गर्ने भारतीय कामदारहरूको हितलाई कत्तिको महत्त्व दिन्छ भन्ने देखाएको बताएको छ। विगत केही वर्षमा सरकारले आप्रवासी कामदारका लागि धेरै पहल गरेको छ। यसमा ई-माइग्रेट पोर्टलए मदड पोर्टल र प्रवासी भारतीय बीमा योजनामा सुधारहरू समावेश छन्। श्री मोदीले भारतीय विदेश सेवाका पूर्व अधिकारी ११० वर्षीय मंगल सैन पाण्डालाई पनि भेटनु भयो। श्री पाण्डा अवकाशपछि विगत ४० वर्षदेखि कुवेतमा बस्दै आइरहनु भएको छ । प्रधानमन्त्री

कुवेतमा २६ औं अरेबियन गल्फ कपको भव्य उद्घाटन समारोहमा पनि प्रमुख अतिथिका रुपमा सहभागी हुनुभएको थियो । सो क्रममा उनले कुवेतका नेतृत्वसँग अनौपचारिक छलफल पनि गर्नु भयो ।

**पीएमइकोनमी**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज कुवेतको जाबेर अल-अहमद अन्तर्राष्ट्रिय स्टेडियममा २६ औं अरेबियन गल्फ कपको उद्घाटन समारोहमा प्रमुख अतिथिका रुपमा सहभागी हुनु भयो ७ जहाँ उहाले कुवेतका अमिर शेख मेशाल अल-अहमद अल-जाबेर अल-सबाहसँग भेट गर्नु भयो भएका थिए। श्री मोदीले कुवेतको शेख साद अल-अब्दुल्लाह इनडोर स्पोर्ट्स कम्प्लेक्समा ५हला मोदी५ कार्यक्रममा भारतीय प्रवासीहरूको भेलालाई सम्बोधन गर्नु भयो । उहाले कुवेतको विकासमा भारतीय समुदायको महत्वपूर्ण योगदान र कुवेती अधिकारीहरू अनि नागरिकहरूबाट समान रूपमा पाएको सम्मानको लागि प्रशंसा गर्नु भयो। विश्वव्यापी नेताको रूपमा भारतको स्थितिलाई उजागर गर्नु हुदै , प्रधानमन्त्रीले कुवेतमा बसोबास गर्ने भारतीयहरू लगायत विदेशी भारतीयहरूको समर्पण र कडा परिश्रमलाई यस उपलब्धिको श्रेय दिनु भयो। श्री मोदीले ५नयाँ कुवेत५ को विकासमा योगदान दिन भारतसँग आवश्यक सीपए प्रविधिए नवप्रवर्तन र जनशक्ति रहेको कुरामा जोड दिनु हुदै कुवेतको दृष्टिकोण र भारतको शक्तिलाई जोड दिनु भयो। उहाले विश्वको पाँचौं ठूलो अर्थतन्त्रए फिनटेकको क्षेत्रमा शीर्ष स्थान र विश्वव्यापी रूपमा तेस्रो ठूलो स्टार्टअप इकोसिस्टमको रूपमा भारतको उपलब्धिहरू उल्लेख गर्नु भयो। उहाले विश्वको नम्बर एक फिन्तेक इको सिस्टम भारतमा रहेको बताउनु भयो । यसरी नै भारत मोबाइल निर्यात गर्ने विश्वको दोस्रो ठुलो देश भएको पनि बताउनु भयो । प्रधानमन्त्रीले कुवेतमा भारतीय कामदारहरूलाई सहयोग गर्न डिजाइन गरिएको ई-माइग्रेट पोर्टल जस्ता पहलहरूको बारेमा पनि छलफलगर्नुभयो।

****** ० ******

**प्रधान-पुरस्कार**

केंद्रीय शिक्षा मंत्री धर्मेंद्र प्रधानले भन्नुभएको छ कि सरकार विभिन्न पाठ्यक्रमहरुलाई क्षेत्रीय भाषाहरुमा उपलब्ध गराउनका लागि प्रतिबद्ध छ। आज नयाँ दिल्ली मा चौधरी चरण सिंह पुरस्कार 2024 को उद्घाटन समारोहलाई संबोधित गर्नुहुँदै श्री प्रधानले भन्नुभयो कि यो पुरस्कार ती मानिसहरुलाई सम्मानित गराउनका लागि शुरू गरिएको हो जसले किसान अनि ग्रामीण विकास का लागि काम गरेका छन्। श्री प्रधानले अझ बताउनुभयो कि कृषि अर्थव्यवस्थाले हाल मा पनि देश को सकल घरेलू उत्पाद मा सबै भन्दा ठुलो योगदान दिइरहेको छ।

****** ० ******

**विदेशमंत्रालयजर्मनी**

भारतले जर्मनीको म्याग्डेबर्गमा भएको हमलाको निन्दा गरेको छए जसमा पाँच जनाको मृत्यु भएको र २०० भन्दा बढी घाइते भएका छन् । विदेश मन्त्रालयले हिज जारी गरेको विज्ञप्तिमा भनिएको छए ५क्रिसमस बजारमा भएको भयानक र संवेदनहिन हमलाको हामी निन्दा गर्दछौँ । "हाम्रो विचार र प्रार्थना पीडितहरूसँग छ।" गत

शुक्रबार साँझ क्रिसमसका लागि सामान किन्ने व्यापारीले खचाखच भरिएको बजारमा कार पसेपछि उक्त घटना भएको हो । आक्रमणमा सात भारतीय नागरिक पनि घाइते भएका छन् । तीन जनालाई अस्पतालबाट डिस्चार्ज गरिएको स्रोतले जनाएको छ । जर्मनीस्थित भारतीय मिशनले आक्रमणमा घाइते भएका सबैको सम्पर्कमा रहेको जनाएको छ ।

****** ० ******

## दिल्ली उप राज्यपाल

दिल्लीका उप राज्यपाल विनय कुमार सक्सेनाले प्रवर्तन निदेशालयलाई आम आदमी पार्टीका संयोजक र पूर्व मुख्यमन्त्री अरविन्द केजरीवाललाई आबकारी नीतिसँग सम्बन्धित मुद्दामा मुद्दा चलाउन अनुमति दिनु भएको छ । निर्देशनालयले यस महिनाको सुरुमा उप राज्यपालसंग केजरीवाललाई आबकारी नीतिको कार्यान्वयनमा कथित अनियमितता भएको पाइएपछि मुद्दा चलाउन अनुमति मागेको थियो। तथापी दिल्लीका मुख्यमन्त्री आतिषीले सामाजिक सञ्जालमा पोस्ट गर्नुहदै यो समाचार जनतालाई भ्रममा पार्न र मुद्दाबाट ध्यान हटाउनका लागि मात्रै फैलाइएको बताउनु भएको छ । उहाले त्यस्तो अनुमति दिएको भए प्रवर्तन निर्देशनालयले स्वीकृतिको प्रतिलिपि सार्वजनिक गर्नुपर्ने बताउनु भयो ।

****** ० ******

## दिल्ली प्रदूषण

राष्ट्रीय राजधानी दिल्ली मा वायु गुणवत्ता अधिक खराब श्रेणी मा पुगेको छ, यद्धपी यसमा केही सुधार भएको छ। हिज राती आठ बजे औसत वायु गुणवत्ता सूचकांक 3 सय 64 दर्ता गरिएको थियो। मौसम विभागले दिल्ली अनि वरिपरी का क्षेत्रहरुमा आगामी दुइ दिन सम्म बिहान अनि राती को समय कुहिरो लागि रहने संभावना पनि व्यक्त गरेको छ।

****** ० ******

## मध्यप्रदेश-पशु आदान-प्रदान

मध्यप्रदेश को राजधानी भोपाल का **वन विहार राष्ट्रीय उद्यान** मा दर्शकले अब **गिर**का सिंहहरुलाई पनि हेर्न सक्नेछन्। गुजरात मा जूनागढ़ का सक्करबाग चिड़ियाघरबाट गिर सिंहहरुका एउटा जोड़ी भोपाल ल्याइएको छ। दुवै राज्य का पशु आदान-प्रदान कार्यक्रम अंतर्गत यी सिंहहरुलाई जूनागढ़ को गिर राष्ट्रीय उद्यानबाट मध्यप्रदेश ल्याइने प्रयास 16 वर्षदेखि गरिन्दै थियो भनी हाम्रो संवाददाताले बताएका छन्।

****** ० ******

## नेपाल ध्यान दिवस

विश्व ध्यान दिवसको उद्घाटनका अवसरमा नेपालको काठमाडौंस्थित भारतीय दूतावासले श्री चिन्मय केन्द्रसँगको सहकार्यमा हिज दूतावास परिसरमा ध्यान कार्यक्रमको आयोजना गरेको थियो । श्री चिन्मय सेन्टरका सदस्यहरू र दूतावासका अधिकारीहरू ध्यान अभ्यासए मानसिक शान्ति र विश्वव्यापी सद्भाव प्रवर्द्धन गर्न एकसाथ कार्यक्रममा सामेल भएका थिए। प्रधानमन्त्री केपी शर्मा ओलीले पहिलो विश्व ध्यान दिवसका अवसरमा हिज काठमाडौंको तुड़ी खेलमा प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद्ले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन

गर्नु हुदै  नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले विश्व शान्तिका लागि ध्यानको परिवर्तनकारी शक्तिमा जोड दिनु भयो ।

****** ० ******

**ब्राज़ील-बस दुर्घटना**

ब्राज़ील मा, मिनास गेरासिस प्रांत मा एउटा बस अनि ट्रक सोझै ठोक्किन्दा कम्तीमा 38 मानिसको मृत्यु भएको बताइएको छ। दुर्घटना मा 13 मानिस घायल पनि भएका छन्। ब्राजीलको राष्ट्रपति लुइज़ लुला डा सिल्वाले दुर्घटनामा  गहिरो शोक व्यक्त गर्नुभएको छ।

****** ० ******

**महिला क्रिकेट**

भारत अनि वेस्टइंडीज का भारतीय महिला क्रिकेट टीम बीच तीन मैचको आईसीसी चैंपियनशिप श्रृंखला आजदेखि शुरु भइरहेको छ। आज दुवै टीम बीच पहिलो मैच वडोदरा मा अपराहन्न १ बजेर ३० मिनटमा शुरू हुनेछ।

****** ० ******